AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

## एम्नेस्टी इन्टरनेसनल नेपाल

## प्रेस वक्तव्य

चैत्र २१, २०७६

**कोभिड-१९ विरुद्धका कदमहरू : सरकारहरूले आप्रवासी श्रमिक र अन्य जोखिममा परेका समूहहरूको संरक्षण गर्नुपर्दछ**

कोभिड-१९ महामारी नियन्त्रणका लागि नेपालमा लागू गरिएको देशव्यापी लकडाउन र विदेशी सीमा नाकाहरूको बन्दका कारण हजारौं मानिसहरूले गम्भीर असर भोगिरहेका छन् । आप्रवासी श्रमिकहरू आफूले काम गरिरहेको मुलुकमा अपलत्र परिरहेका छन् र नेपालमा गरिबीको अवस्थामा रहेका जनताहरूले आफ्ना आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न सङ्घर्ष गरिरहेका छन् । कोभिड-१९ महामारी सामना गर्ने क्रममा सार्वजनिक स्वास्थ्य संरक्षणका उपायहरू कार्यान्वयन गर्नु महत्त्वपूर्ण हुने भएपनि सरकारले यस्ता उपायहरू देशको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वअनुरूप भएको सुनिश्चत गर्नुपर्दछ, एम्नेस्टी इन्टरनेसनल नेपालले आज बतायो ।

"सरकारद्वारा चालिएका कोभिड-१९ विरुद्धका जुनसुकै उपायहरू मानवअधिकारअनुरुप हुनुपर्दछ । अझ खासगरी यी उपायहरू सीमान्तकृत समुदाय र कोभिड-१९ जस्तो महामारीको अवस्थामा विशेष जोखिममा रहेकाहरूको अधिकार अनुकूल हुनुपर्दछ," एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले भने । "यसका अतिरिक्त सरकारले स्वास्थ्य र जीवनयापनको जोखिमतामा रहेकाहरूको संरक्षणका लागि उपयुक्त उपायहरू अवलम्वन गर्नुपर्दछ ।"

कोभिड-१९ को सङ्क्रमण र मृत्युदरमा संसारभर वृद्धि हुन थालेपछि सरकारले चैत्र ११ गतेदेखि देशव्यापी लकडाउन लागू गर्दै नेपालको अन्तराष्ट्रिय सीमा बन्द गर्नुका साथै नेपाल आवत जावत गर्ने सबै अन्तर्राष्ट्रिय उडानहरूमा प्रतिबन्द लगाएको थियो । यसले विदेशमा रहेका हजारौं आप्रवासी श्रमिकहरूलाई कठिन अवस्थामा पुर्याएको छ । सबैभन्दा बढी नेपाली आप्रवासी श्रमिकहरू भएको कतार र मलेशिया तथा छिमेकी भारत लगायतका देशहरूमा पनि अहिले हप्तौं लामो लकडाउन र अन्य सार्वजनिक स्वास्थ्यजन्य उपायहरू लागू गरिएकोले उनीहरूले यो अवस्था भोग्नुपरेको हो । यो अवस्थाको परिणामस्वरुप श्रमिकहरू कार्यरत रहेका देशहरूमा भएको आर्थिक गतिविधिहरूको सुस्तता तथा कतिपय व्यवसायहरू बन्द भएकोले धेरै आप्रवासी श्रमिकहरूले या त आफ्नो रोजगारी गुमाएका छन् वा बेतलवी बिदामा बस्न बाध्य भएका छन् र उनीहरूले स्वास्थ्य सेवा, खाद्यान्न र आवास लगायतका आधारभूत आवश्यकताहरूमा पर्याप्त पहुँच प्राप्त गर्न सकेका छैनन् । नेपालको सीमा बन्द भएका कारण उनीहरू आफ्नो घर फर्कन पनि असमर्थ भएका छन् । अन्यले भने कोभिड-१९ सङ्क्रमणको जोखिमको वातावरणमा पनि काम गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

यी आप्रवासी श्रमिकहरूले - जसमध्ये धेरैजसोले कोभिड-१९ महामारी फैलनु अगाडिदेखि नै नेपाल र गन्तव्य मुलुकहरूमा व्याप्त निकै जकडिएको स्वरूपको ज्यादती र दुर्व्यवहार भोगेका छन् - अहिले यतिखेर अझ धेरै मार खेपिरहेका छन् । लकडाउनको अवस्थामा समेत मलेशियमा श्रमिकहरूलाई काममा आउन बाध्य पारिएको समाचारहरू आएका छन् । कतारमा आप्रवासी श्रमिकहरूलाई कोचाकोच अवस्थाको आवासमा बस्न बाध्य पारिएको समाचार

आएको छ र [विश्व कप संरचान स्थल निर्माण कार्यमा खटिएका श्रमिकहरूलाई अझै पनि खचाखच कार्यस्थलहरूमा]() काम गर्न लगाई राखिएको जनाइएको छ जसले उनीहरूलाई भाइरस सङ्क्रमणको जोखिममा पुर्याएको छ ।

भारतले चैत्र १२ देखि तीन हप्ता लामो लकडाउन लागू गरेसँगै त्यहाँबाट आफ्नो घर फर्किरहेका हजारौं नेपाली आप्रवासी श्रमिकहरूलाई नेपाली अधिकारीहरूले नेपाल प्रवेशमा रोक लगाएपछि नेपाल भारतको विभिन्न सीमा नाकाहरूमा उनीहरू अपलपत्र अवस्थामा रहेका छन् ।

"यो महामारी फैलिएपछिको अवस्थामा राज्यहरूले आप्रवासी श्रमिकहरूलाई पर्याप्त संरक्षण प्रदान गरेका छैनन् र सम्बन्धित देशका अर्थतन्त्रहरूलाई मजबुत पार्न उनीहरूले पुर्याएको योगदानलाई अहिले समग्र रूपमै बिर्सिइएको छ," थपलियाले भने । "सबै श्रमिकहरूले आफूले श्रम गरिरहेको देशमा पर्याप्त आवास सुविधाहरूमा पहुँच प्राप्त गरेको हुनुपर्दछ र यस्ता आवासका व्यवस्थाहरूमा आफूलाई सुरक्षित राख्न आवश्यक पानी र अन्य सरसफाइको प्रवन्ध तथा एक्लिएर रहन मिल्ने सुविधा पनि रहेको हुनुपर्दछ । त्यस्तै कोभिड-१९ महामारीका कारण यदि उनीहरूले काम गर्न नसकेमा वा बिरामी परेमा वा यी मुलुकहरूमा क्वारेन्टाइनमा रहनुपरेमा उनीहरूले सामाजिक सुरक्षा संरक्षण र अन्य वित्तीय सहायतामा पहुँच प्राप्त गर्नुपर्दछ ।"

नेपाल-भारत सीमामा अलपत्र परेका र नेपाल प्रवेश गर्न खोजिरहेका नेपाली आप्रवासी श्रमिकहरू असाधारण तवरको कठिन परिस्थितिबाट गुज्रिरहेका छन् । लकडाउनका कारण भारतमा उनीहरूका सामू अत्यन्तै सीमित आर्थिक अवसर र सहायताहरू रहेको छ भने कतिपयले त आधारभूत आवश्यकताहरू परिपूर्ति गर्न पनि सङ्घर्ष गर्नुपरिरहेको छ । भारत सरकारले यो कठिन परिस्थितमा रहेका आप्रवासी श्रमिक लगायत सबै श्रमिकहरूलाई सामाजिक सुरक्षा र अन्य लक्षित आर्थिक सहायतामा पहुँच उपलब्ध गराएको सुनिश्चित गर्नुपर्दछ ताकि उनीहरूले पर्याप्त जीवनस्तरको अधिकार उपभोग गर्न सकुन् । यसको अतिरिक्त नेपाल-भारत सीमामा नेपाल प्रवेशका लागि पर्खिरहेका नेपाली श्रमिकहरूलाई सुरक्षित तवरमा नेपालमा फिर्ता आउन दिनका लागि नेपाल सरकारले अविलम्व संभावित सबै कदमहरूका बारेमा विचार गर्नु पर्दछ । त्यस्तै नेपाल फर्किएपछि कोभिड-१९ बाट पर्याप्त रूपमा सुरक्षित रहने उपायहरू उनीहरूसँग भएको तथा स्वास्थ्य सेवामा - अझ विशेषगरी यदि उनीहरू कोभिड-१९ का बिरामी भएमा वा उनीहरूमा यसको लक्षण देखा परेको भएमा - उनीहरूको पहुँच रहेको सुनिश्चितता गरिनुपर्दछ ।

नेपालको लकडाउनले दैनिक ज्यालादारी गर्ने श्रमिकहरू, शरणार्थी र अनौपचारिक क्षेत्रमा रोजगारी गरिरहेका लगायतका विभिन्न समूहरूलाई पनि असमानुपातिक रूपमा असर पारेको छ । सरकारले यस्ता वर्गका मानिसहरूले आधारभूत सेवामा पहुँच पाएको तथा उनीहरूको पर्याप्त जीवनस्तरको अधिकार सुनिश्चित गर्न विस्तृत राहत र आर्थिक सहायताका कार्यक्रमहरू ल्याउनुपर्दछ । यदि आवश्यकता परेको अवस्थामा मानिसको स्वास्थ्य र जीवन यापनको अधिकारलाई पर्याप्त र समयोचित ढङ्गमा संरक्षण गर्न सक्षम हुनका लागि नेपाल सरकारले अन्तर्राष्ट्रिय सहयोग वा अन्तर्राष्ट्रिय समुदायको सहायताको लागि पनि अनुरोध गर्नुपर्दछ ।

लकडाउन कार्यान्वन गर्ने जिम्मेवारी लिएका सुरक्षाकर्मीहरूद्वारा बलको अत्यधिक प्रयोग भएको विभिन्न घटनाहरू घटेको देखिनु पनि चिन्ताजनक रहेको छ । "सञ्चार माध्यमहरूमा देखिएको शारीरिक आक्रमण र बलको अनुचित प्रयोगका घटनाहरू अत्यन्तै चिन्ताजनक रहेका छन् । यी आरोपहरूका सम्बन्धमा अनुसन्धान गरी अधिकार दुरुपयोगका घटनामा दोषी पाइएकाहरूलाई दण्डित गर्न हामी अधिकारीहरूसमक्ष आह्वान गर्दछौं ", थपलियाले भने ।